म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ९८ २०८१ फागुन १३ गते मंगलबार 25 February 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**रक्तदान गरौं**

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन–तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

### पेस्तोलसहित २ भारतीय नागरिक पक्राउ

# अवैध सुनसहित चौधरी, लागूऔषधसहित सुनार समातिए



*पेस्तोल र ३ राउण्ड गोलीसहित पक्राउ परेका भारतीय नागरिक ।*

**समाज संवाददाता**

हेटौँडा : मकवानपुर प्रहरीले आइतबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा हेटौँडा-१५, रातोमाटेस्थित चेकपोष्टबाट एक थान पेस्तोल र पेस्तोलमा लाग्ने ९ मिलिमिटरको ३ राउण्ड गोलीसहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको बिहार राज्यको सिहुहर जिल्ला धनहरा ग्रामका २२ वर्षीय धिरज कुमार र बिहारकै मोतिहारी जिल्ला बहरी ग्रामका २६ वर्षीय दीपक कुमार रहेका छन् ।

रौतहट जिल्लाको गौरबाट चितवनतर्फ जाँदै गरेको ना ८ ख ८७७३ नम्बरको बसलाई विशेष सूचनाको आधारमा सुरक्षाजाँच गर्दा धिरज र दीपकको साथबाट एक राउण्ड गोली लोड भएको अटो पेस्तोल, थप २ थान गोली गरी ३ थान गोली फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिनुभयो । २ महिनादेखिको सूचनाको आधारमा एउटा पेस्तोलसहित गोली फेला परेको उहाँको भनाई छ । उनीहरुलाई हातहतियार मुद्दामा पक्राउ गरी अनुसन्धान भइरहेको प्रहरी प्रमुख खड्काले जानकारी दिनुभयो ।

मकवानपुर प्रहरीले अवैध सुनसहित एकजनालाई पक्राउ गरेको छ। आइतबार बिहान १०:३० बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेमा बारा जिल्लाको कोल्वीबाट नारायणघाटतर्फ जाँदै गरेको ना ५ ख ५१२९ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बस चालक बारा जिल्लाको कोल्वी नगरपालिका-५ का ३३ वर्षीय जस जोशी चौधरीको साथबाट ४३.३८ ग्राम सुन बरामद गरेको प्रहरीले जनाएको छ। आजको बजार भाउअनुसार बरामद भएको सुन ६ लाख ३५ हजार २ सय २६ रुपैयाँ बराबरको भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले बरामद भएको सुनसहित चौधरीलाई राजश्व अनुसन्धान कार्यालय पथलैया पठाएको छ ।

लागूऔषधसहित मकवानपुरको बकैया गाउँपालिका-४ का २४ वर्षीय नवीन सुनार हेटौँडा-१५, रातोमाटेबाट पक्राउ परेका छन् । आइतबार दिउँसो साढे ४ बजेको समयमा पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेमा बीरगन्जबाट चितवनतर्फ जाँदै गरेको ना ७ ख ११६ नम्बरको बसमा सुरक्षाजाँच गर्ने क्रममा सुनारको साथबाट प्रहरीले लागूऔषध डाईजेपाम २८ एम्पुल, फेनार्गन ५९ एम्पुल र नुर्फिन १३ एम्पुल गरी १०० एम्पुल बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले नवीनलाई हिरासतमै राखी अनुसन्धान गरिरहेको जनाएको छ ।

मकवानपुर प्रहरीले दुई थान मोटरसाइकलसहित आइतबार बिहान ९ बजेको समयमा एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको बागमती गाउँपालिका-८ धमिनथानमा मोटरसाइकल ग्यारेजका संचालक ४२ वर्षीय समीम अन्सारी रहेका छन् । अन्सारी बारा जिल्लाको कलैया उपमहानगरपालिका-८ का स्थायी बासिन्दा हुन्। शंकास्पद मोटरसाइकलहरुको पार्टसहरु मोटरसाइकलमा अदली-बदली गरिरहेको छ भन्ने सूचनाको आधारमा उनको साथबाट मोटरसाइकल र विभिन्न पार्टपुर्जाहरु बरामद जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिनुभयो । बा प्र ०२-०५४ प १४३१, बा ८० प ९५१ र अन्य मोटरसाइकलको विभिन्न पार्टपुर्जाहरु बरामद गरिएको उहाँले जानकारी दिनुभयो । यस्तै फरार रहेका पूर्ण बहादुर गोलेको खोजी कार्य भइरहेको प्रमुख खड्काले बताउनुभयो ।

# चर्च ब्वाइजलाई बागमती गोल्डकपको उपाधी



*उपाधि साथ चर्च ब्वाइज क्लबको टिम ।*

**समाज संवाददाता**

हेटौँडा : सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधी चर्च ब्वाइजले जितेको छ । सोमबार बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको फाइनल खेलमा साविक विजेता मछिन्द्र क्लबलाई १-० गोलअन्तरले हराउँदै चर्च ब्वाइजले उपाधी जितेको हो । चर्च ब्वाइजलाई उपाधी दिलाउन समीर तामाङ नायक बने । उनले खेलको ४७औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । म्यान अफ द म्याच तामाङ घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

उपाधीसँगै चर्च ब्वाइजले १० लाख रुपैयाँसहित ट्रफी प्राप्त गरेको छ भने उपविजेता मछिन्द्रले ५ लाख रुपैयाँमा चित्त बुझाएको छ। चर्च ब्वाइजले पहिलो सहभागितामै गोल्डकपको उपाधी जितेको हो । मछिन्द्रले थ्री स्टारलाई र चर्च ब्वाइजले एपीएफलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका सन्तोष खत्री घोषित भए । उनले १ लाख १ हजार १ सय १ रुपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका टेकेन्द्र थापा, डिफेन्डर मछिन्द्रका देवेन्द्र तामाङ, मिडफिल्डर मछिन्द्रका रोशन राना मगर, फरवार्ड चर्च ब्वाइजका समीर तामाङ र प्रशिक्षक चर्च ब्वाइजका सुमन श्रेष्ठ घोषित भए। विधागत उत्कृष्ट सबैले जनही २५-२५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

बागमती गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकाको खेलकुद क्षेत्रको महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै रेडियो झुरझुरेका स्टेशन म्यानेजर विवेक सिन्तानलाई १५ हजार राशीको उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मान गरेको छ। बागमती खेलकुद विकास समितिका अध्यक्ष रहर सिं थिङको सभाध्यक्ष तथा बागमती प्रदेश सभाका सदस्य प्रेम बहादुर पुलामीको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फणिन्द्र कुमार तिमल्सिना, प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर दर्जी, एन्फा केन्द्रिय सदस्य टीकाराम लामा लगायतको आतिथ्य रहेको थियो ।

# चित्रकलामा कक्षा-११ की कृतिका प्रथम

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा क्याम्पसमा भएको चित्रकला प्रतियोगितामा कक्षा-११ की कृतिका लामा प्रथम भएकी छिन् । क्याम्पसको वार्षिकोत्सवको अवसरमा भएको चित्रकला प्रतियोगितामा कक्षा-११ व्यवस्थापन संकायमा अध्ययनरत लामा प्रथम भएकी हुन् ।

प्रतियोगितामा कक्षा-११ व्यवस्थापन संकायकै केशव दास द्वितीय भएका छन् । यस्तै, स्नातकोत्तरतह दोस्रो वर्षका सुजता खड्का तृतीय भएकी छिन् । क्याम्पसको ३५ औं वार्षिकोत्सवको अवसरमा आयोजित विविध खेलकुद कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत आइतबार चित्रकला प्रतियोगिता भएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पस कमिटीका सदस्य गणेश तिमल्सिनाले जानकारी दिनुभएको छ। हेटौंडा क्याम्पसको अतिरिक्त क्रियाकलाप समन्वय इकाईले फागुन ८ गतेबाट विविधि खेलकुद कार्यक्रम आयोजना गरेको उहाँले बताउनुभयो । दौड, फुटबल, भलिबल, ब्याड्मिन्टन, डोरी तान्नेलगायतका प्रतियोगिता सञ्चालन भएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई आज मंगलबार समापन कार्यक्रममा पदक तथा प्रमाणपत्र प्रदान गरिने बताइएको छ ।

# शिक्षाध्यक्ष लम्सालद्वारा सपथग्रहण

**समाज संवाददाता**

हेटौँडा : मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त शिक्षाध्यक्ष प्रा. डा. दिनेश कुमार लम्सालले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ। सोमबार प्रतिष्ठानको उपकुलपति डा. प्रदिप ज्ञवालीले नवनियुक्त शिक्षाध्यक्ष प्रा. डा. लम्साललाई सपथ ग्रहण गराउनुभएको हो। प्रतिष्ठानका कुलपति एवम् मुख्यमन्त्री बहादुर सिंह लामा, सहकुलपति एवम् सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, स्वास्थ्य मन्त्री किरण थापा मगर, प्रमुख सचिव महादेव पन्त लगायतको उपस्थितिमा प्रा. डा. लम्सालले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको हो ।

हार्दिक बधाई



शिक्षक सेवा आयोग तयारी कक्षा
लिई प्राथमिक तह लिखित परीक्षामा
सफल हुनु भएकोमा
**एलिसा घिमिरे**
लाई हार्दिक एवं सफलताको
शुभकामना व्यक्त गर्दछौं ।

पेन्टागन एकेडेमी
हेटौंडा-४, स्कुलरोड, मकवानपुर
057-522198
9855030940



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

# सम्पादकीय

## सीपमूलक तालिमको औचित्य

बागमती प्रदेश सरकारले स्थानीय सरकारसँगको साझेदारीमा सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ । आइतबार प्रदेशको सामाजिक विकास मन्त्रालयले छोटो अवधिका सीपमूलक तालिम सञ्चालन गर्न स्थानीय तहसँग सम्झौता गरेको छ । बागमती प्रदेशको विभिन्न जिल्लाका ८ वटा गाउँपालिकासँग तालिम कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरिएको हो । सीपमूलक तालिम सञ्चालनका लागि मकवानपुर जिल्लाको राक्सिराङ, मनहरी र बकैया गाउँपालिकासँग सम्झौता गरिएको छ । नुवाकोट जिल्लाको तादी, किस्पाङ र म्यागङ गाउँपालिका, दोलखाको लिखु तामाकोशी गाउँपालिका र सिन्धुपाल्चोकको जुगल गाउँपालिकासँग तालिम कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले सम्झौता गरेको छ । प्रदेश सरकारले तयार पारेको सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार स्थानीय तहको साझेदारीमा सीपमूलक तालिम सञ्चालन गर्न लागेको हो ।

स्थानीय तहको ४० प्रतिशत साझेदारीमा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई तालिम दिइनेछ । विपन्न, गरिब, दलित, द्वन्द्व पीडित, सीमान्कृत, अल्पसंख्यक समुदायका व्यक्तिलाई प्राथमिकता दिएर स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्ने चाहना र रुचि भएका व्यक्ति छनोट गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । तालिम कार्यान्वयनसम्बन्धी सम्झौता गरेका स्थानीय तहका जनप्रतिनिधिले युवालाई टिकाउन सीपमूलक तालिम उपयोगी हुने बताएका छन् । स्थानीय तहले आफ्नो क्षेत्रको आवश्यकतालाई बिचार गरेर प्रयोगमा आउने खालका तालिम सञ्चालन गर्न आवश्यक रहेको बताइएको छ । छोटो अवधिको तालिम भएकाले तालिम लिएका व्यक्तिलाई भविष्यमा थप तालिम दिनुपर्नेमा जोड दिएका छन् । प्राविधिक शिक्षा, व्यावसायिक र सीपमूलक तालिम सञ्चालनका लागि स्थानीय तहलाई जिम्मेवार बनाउन आवश्यक हुन्छ । स्थानीय तहले तालिमको क्षेत्र र विषय छनोट गरेमा दोहोरोपन हुने सम्भवना कम भई तालिम प्रभावकारी बन्न सक्छ ।

पछिल्ला वर्षहरुमा तीनै तहको सरकारले व्यावसायिक शिक्षा तथा सीपमूलक तालिमका लागि लगानी गरिरहेको भए पनि आशातित प्रभावकारी भइरहेको छैन । स्वरोजगार बनाएर स्वदेशमै युवालाई टिकाउने उद्देश्यले सञ्चालन गरिएका तालिम लिएका जनशक्ति धमाधम विदेश पलायन भइरहेका छन् । स्वदेशमै रहेका तालिमप्राप्त सबै जनशक्ति स्वरोजगार बन्न सकेका छैनन् । तालिम तथा शिक्षालाई सीपसँग, सीपलाई व्यवसायसँग र व्यवसायलाई बजारसँग जोड्न नसक्दासम्म यस्ता तालिम र व्यावसायिक शिक्षाको प्रभावकारिता देखिँदैन । नेपालको संविधानले नै माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको अवस्थामा आफ्नो पालिकामा कस्तो प्रकारको व्यावसायिक शिक्षा र सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन गर्ने दायित्व पनि स्थानीय सरकारकै हो । विद्यालय तहकै औपचारिक शिक्षा अन्तर्गत उपयुक्त प्राविधिक शिक्षाको व्यवस्था स्थानीय तहले गर्नुपर्छ ।

प्रविधिको विकास र उपयोग विश्वभर नै बढिरहेको अवस्थामा हाम्रा विद्यार्थी परम्परागत शिक्षाप्रति आकर्षित हुन सकिरहेका छैनन् । शैद्धान्तिक ढाँचाका औपचारिक शिक्षातर्फ विद्यार्थीको रुचि घटिरहेको अवस्थामा प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षा तथा तालिमको विस्तारमा संघ, प्रदेश र स्थानीय सरकारले प्रभावकारी योजना कार्यान्वयन गर्नु आवश्यक छ । विकासको गतिअनुसार शिक्षामा सुधार र परिवर्तन गर्नुपर्छ । बजारमा माग अनुसारको जनशक्ति तयार गर्न त्यही अनुसारको शिक्षा र तालिम आवश्यक हुन्छ । विभिन्न सरकारी तथा गैरसरकारी निकायले सञ्चालन गर्ने तालिममा सहभागी हुनेको संख्याको कुनै औचित्य हुँदैन । सीपमूलक तालिम लिएका कति जना स्वरोजगार बने वा कति जनाले उचित रोजगारी पाए भन्ने कुराले तालिमको औचित्य निर्धारण गर्दछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक तथा सामाजिक काममा मन जाने योग छ ।
**वृष** : प्रतिस्पर्धामा विजय प्राप्त हुने समय योग छ ।
**मिथुन** : भावना र कल्पनामा रमाइने समय योग रहेको छ ।
**कर्कट** : अध्ययन–अध्यापनमा थप परिश्रम गर्नुपर्ला ।
**सिंह** : व्यापार–व्यवसाय ठिकै रहने समय योग रहेको छ ।
**कन्या** : सुन्दर उपहार प्राप्त हुने समय योग रहेको छ ।
**तुला** : अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त हुनेछ ।
**वृश्चिक** : लेनदेनका कारोबारबाट समस्या समाधान हुने छ ।
**धनु** : वैदेशिक योग बाट लाभ प्राप्त हुने समय योग रहेको छ ।
**मकर** : रोकिएका कामहरु बनिने समय योग रहेको छ ।
**कुम्भ** : सहयोग र समाजसेवाका काममा समय बित्ला ।
**मीन** : साहित्यिक कार्यक्रममा झुकाव बढ्ने समय छ ।

# भ्रष्ट्राचारको फाइल खोलेर देशलाई जोगाउँ



**देवप्रसाद श्रेष्ठ**

(आज देश जुन स्थितिमा पुगेको छ त्यसको मूल कारण भ्रष्ट्राचार नै हो । अहिलेसम्म सत्तामा पुगेका सबै नेताको सम्पत्ति शुद्धीकरण गर्नु नै देशलाई अराजकताबाट जोगाउनु हो)

अहिले देशमा कोहि पनि खुसी र सन्तुष्ट छैन । राज्य सञ्चालन गर्नेहरुले सुशासनको सट्टा कुशासन चलाइरहेको छ । जतातते भ्रष्ट्राचार छ, अन्याय छ, अत्याचार छ, भेदभाव छ, महंगी छ, बेरोजगारी छ, रुवाबासी छ, दिनहुँ घरबार छाडेर पढ्न, गाँस-बास जुटाउन ऋृण खोजेर बाहिर जान हतारिएको छ ।

बन्द व्यापार सुस्त छ । उद्योग, कलकारखाना फस्टाउन सकेको छैन । यो निराशाको कुरा होईन वास्तवमै देशको अवस्था दुर्गतिमा परेको जनताको अवस्था दिन-पर-दिन खस्कँदै गएको, अन्यौल र अराजकता मौलाउँदै गएको छ । अहिले कोहि खुशी छन् भने दलहरुका निगाहमा फाइदा उठाएका भातृ संगठनका कर्मचारीहरु राजनीतिक संवैधानिक पदमा नियुक्ति पाएका झोलेहरु नीति र सिद्धान्त बिर्सेर आत्मसम्मान र स्वाभिमान गुमाएका कार्यकर्ताहरु गलत कामको विरोध गर्न नसक्ने काँतरहरु, नेताको आशीर्वाद कुरिरहेका भरौटे बुद्धिजिवीहरु मात्र छन् ।

२००७ साल भन्दा अगाडि जहाँनीया राणा शासन थियो । जनता निरीह थिए । राणाका सन्तान देख्ने बित्तिकै दुबै हातहरुले जदौ गर्दै पछाडि सर्दै जानु पर्दथ्यो । शक्तिशाली राणाहरु आफुमै काटमार गरेर सत्ता हत्याउँथे । राजालाई समेत नियन्त्रणमा राखेर जहाँनीया शासन चलाएका थिए । जनजातिका बलिया बाङ्गा युवालाई अरु देशका जनतासँग लड्न, काटमार गर्न साम्राज्यवादीलाई बिक्री गरेका थिए । नियम, कानुन राणाको मुखमा थियो । जनतालाई भेडा, बाख्रा सरह गन्दथे । यस्तो एकलौटी जहाँनीया शासनको सहिदहरु गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्रीहरुको बलिदान र नेपाली जनताको जेल-नेल बलिदानले अन्त गरी २००७ सालमा प्रजातन्त्रको बहाली भएको हो । यस्तो शासन देख्ने भोग्नेहरुमध्ये थोरैमात्र वृद्धवृद्धाहरु अहिले जिवित छन् ।

२००७ सालमा प्राप्त प्रजातन्त्र र जननिर्वाचित बिपिको सरकारलाई २०१७ सालमा राजा महेन्द्रले अपदस्त गरी निरंकुश निर्दलीय पञ्चायतको सुत्रपात गऱ्यो । लेख्न, बोल्न र अभिव्यक्ति स्वतन्त्रता हनन् भएको राजाको शासनकालमा न्युनतम मानव अधिकारबाट समेत सर्वसाधारण जनता बञ्चित रहे । पञ्चायत इतरका व्यक्ति माथि निर्मम दमन थियो । को, कहाँ, किन जो कोही पीडित मारिए पनि सूचनाबाट बञ्चित थियो । राज खानदानका व्यक्ति ठूला पञ्चहरु मूर्ति चोरी अबैध धन्दामा संलग्न थिए । यस्ता अन्यायका बिरुद्ध बोल्ने लेख्ने मारिन्थे । पञ्चहरुको राइँदाइँ र राजाको एक दलीय निरंकुशताको विरोधमा फेरि पनि जनताले संघर्ष गरेर २०४६ मा लोकतन्त्रको बहाली गरे । राजाको शासन नदेखेका, नभोगेका युवाहरु अहिलेको कुशासन र बेथितिबाट वाक्क दिक्क भएर राजाको समर्थन गर्नु नौलो कुरा होइन ।

२०४६ सालको परिवर्तनपछि देशमा लोकतन्त्र त आयो । सत्तामा पुग्न दलहरूमा होडबाजी हुनथाल्यो । सत्ता टिकाउन सांसदहरु किनबेच हुन थाल्यो । महिला, मदिरा र विदेश भ्रमण बैंकक, हङकङ जान सांसदहरु बिक्रीसम्म भए । राष्ट्रको ढुकुटी मारेर प्राडो र पजेरो बाँडियो । मर्द सांसदले समेत सुत्केरी भत्ता र औषधी खाए । सत्ता कब्जा गर्ने छिनाझप्टीले गर्नहुने र नहुने जे पनि गर्न थाले ।

राणा गयो, निरंकुश राजतन्त्र गयो, लोकतन्त्रपछि गणतन्त्र आयो । जेलनेल सहेर वर्षौं वर्ष दुख पाएर जनताको सेवा गर्न सत्तामा पुगेका नेताहरू नव राजा, नव राजकुमार र धनाढ्य नेतामा रुपान्तरण भए । जनताको सेवामा भन्दा कमाउ धन्दामा लागे । हिजो राजा महाराजाका महल र दरवारको बिरोध गर्नेहरू आज आफ्नै ठुल्ठुला आलिशान महल, भवनहरु बनाएर राजा र राणाको भन्दा ऐयासी जीवन बिताउने भए । चुनाव किन र केका लागि जित्ने भन्दा पनि चुनाव कसरी जित्ने र सत्ता कसरी हत्याउने भन्नेमा नै पार्टीहरुको ध्यान केन्द्रित भयो । निर्णायक मत नपाएका तर सट्टाको स्वाद चाख्न पाएका कांग्रेस, एमाले र माओवादी दलहरुका शिर्ष नेताहरुकै राइँदाइँमा तीन दशक बित्यो । भ्रष्टहरुकै सल्लाहमा भ्रष्ट्राचारलाई नै मियो बनाएर आज देशको यो स्थिति बनाउनुमा सत्तामा सामेल भएका दल र दलका नेताहरू जिम्मेवार छन् । सत्ता कब्जा गर्न पैसा चाहिने भएपछि पैसाको श्रोत अनैतिक काम गर्नु सरकारी किनबेचमा कमिशन खानु ठेक्का पट्टामा हात पार्नु, मालदार अड्डामा आफ्ना मान्छे नियुक्ति गर्नु, सरकारी जग्गा बिधि र नीति मिलाएर बिक्री गर्नु अहिलेसम्म भएका काण्डहरु चेइज काण्ड, बोइङ काण्ड, भुटानी शरणार्थी, गोकर्ण रिसोर्ट, गिरिबन्धु टि स्टेट, सेक्युरिटी प्रिन्टिङ प्रेस, ललिता निवास जग्गा काण्ड, बाँसबारी छाला जुत्ताको जग्गा काण्ड लगायत अनगिन्ती काण्डहरु यसैको उपज हो । बिदेशी सहायताको दुरुपयोग कसरी हुन्छ भन्ने कुरा हालै अमेरिकी राष्ट्रपति ट्रम्पले खुलासा नै गरिसकेको छ ।

सत्ता मुट्ठीभर तस्कर धनाढ्यहरुको कब्जामा छ । उनीहरुकै इशारामा चलेको छ । सर्वसाधारण जनतामा चरम निराशा छ । आक्रोश छ । असन्तुष्ट र घृणा व्यक्त गरिरहेको छ । राजावादीहरु राजा फर्काउने अभियानमा छन् । किसान, मजदुर, सुकुम्बासी, मिटरब्याज पीडित र सहकारी पीडितहरु सबै-सबै आन्दोलित छन् । हजारौं हजार जनताले पटक-पटक त्याग तपस्या र बलिदानबाट प्राप्त उपलब्धि र परिवर्तनलाई अहंकारी, लोभी र सत्ता लोलुप नेता र दलहरुको अकर्मण्यताले गुम्ने खतरामा पुगेको छ । पुराना दल र नेताहरूले एकपटक गम्भिर भएर यो सबैको जरो-किलो भ्रष्ट्राचारलाई निर्मम भएर ननिमोठ्ने हो भने अहिलेको दल र नेताहरू कोहि पनि बाँकी रहने छैन । देश अराजकता र अस्थिरतामा फसेको छ । अब शुद्धीकरणको अभियानमा जनतामा इमानदार छ भनेर देखाउने सबै नेताले भ्रष्ट नेताहरुलाई निर्मम भएर भ्रष्ट्राचारको फाइल खोल्नै पर्छ ।

परिवर्तनका लागि त्याग, तपस्या गर्ने नेताहरूले जनताको भावनालाई बुझेर सम्पति शुद्धीकरण गरी देशलाई अस्थिरता र अराजकता हुनबाट बचाउने कि घृणाको पात्र भएर बिलाउने ? सबै दलहरुका लोभ र पापमा नफसेका इमानदार सांसदहरुले देशलाई अहिले अस्थिरता अराजकताबाट बचाएर सुध्रने हो भने पहिलो काम भ्रष्ट्राचारको दाग लागेका आफ्नै दलका नेताको विरुद्ध पनि निर्मम भएर लाग्नै पर्छ । जनतामा विश्वास जगाएर काम गर्न सके मात्र लाखौं लाख जनताले लामो समय थुप्रै रगत पसिना बगाएर ल्याएको उपलब्धिलाई जोगाउन सकिन्छ । अन्यथा हाम्रो देशमा के हुन्छ ? हामी कहाँ पुग्छौं ? कसलाई के थाहा ?

# सामाजिक सञ्जाल प्रयोग : चेतना फैलाउने कि कानुन थोपर्ने ?



**डा. सगुन श्रेष्ठ**




शैक्षणिक प्रविधिको विद्यार्थीको हैसियतले निकै अघिदेखि विभिन्न कार्यशाला तथा छलफलमा भन्दै आएको थिएँ- यदि हामी डिजिटल साक्षरताका विषयमा परिचित भएनौं भने यो मुलुकमा पाएको सूचना सम्प्रेषण र वाक स्वतन्त्रता कुनै पनि समयमा गुमाउन सक्छौं। हुन लाग्दैछ त्यस्तै ।

म शैक्षणिक प्रविधि क्षेत्रको अनुसन्धानकर्ताको रूपमा शिक्षा र प्रविधिलाई सँगै लिएर आवश्यक अध्ययन र अनुसन्धान गर्ने जमर्को गर्दैछु । तसर्थ, प्रविधि या सामाजिक सञ्जालको प्रयोगमा कानुन र चेतनामध्ये कुन पहिलो आवश्यकता हो, त्यस विषयमा विश्लेषणात्मक टिप्पणी गर्न खोजेको छु ।

झट्ट हेर्दा, अहिले सरकारले ल्याएको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी विधेयकले सामाजिक सञ्जालमा भइरहेका उच्छृंखल गतिविधिलाई रोक्छ जस्तो देखिन्छ । तर जब विधेयकका केही बुँदाहरुलाई केलाएर हेरिन्छ, यसले जो कोहीलाई पनि सामाजिक सञ्जालको गलत प्रयोगको नाममा कानुनी बाटोमा डोर्याएर दण्डित बनाउन सक्छ ।

यो विधेयक सामाजिक सञ्जालको गलत प्रयोगलाई नियमन गर्ने कानुनभन्दा निश्चित व्यक्तिले गर्ने गरेका आलोचनात्मकपूर्ण छलफल बन्द गर्ने कानुनी माध्यम हुनसक्छ ।

सामाजिक सञ्जाल पछिल्लो कालखण्डमा समाचार सम्प्रेषण र सामाजिक विषयमाथि छलफलको माध्यम बनेको छ र धेरैभन्दा धेरै मान्छेको जीवनको अभिन्न अङ्ग बनेको छ । तसर्थ सामाजिक सञ्जालमा हुने गतिविधिलाई कानुनी प्रक्रियाद्वारा नियमन गर्ने नाममा वाक स्वतन्त्रतामा अंकुश लाउनु कदापि न्यायोचित देखिँदैन ।

गर्नुपर्ने के ?

सामाजिक सञ्जाल प्रयोगसम्बन्धी विधेयक ल्याउनुभन्दा पहिले यो क्षेत्रमा विशेषज्ञता हासिल गरेका मानिस र प्रयोगकर्ताबीचको छलफलबाट शिक्षामा डिजिटल साक्षरताको ढाँचा तयार हुनुपर्दथ्यो। त्यो ढाँचामा आधारित रहेर विद्यालय, उच्च तह र अनौपचारिक तहको पाठ्यक्रममा डिजिटल साक्षरता र अनलाइन सुरक्षाका विषयवस्तुलाई जोडिनुपर्दथ्यो। तत् समयको लागि केही फाइदा नदेखिए तापनि दीर्घकालीन रुपमा यसबाट निर्देशित भएर हुर्किँदै गरेका बच्चाहरूदेखि वयस्कलाई पनि राम्रो शिक्षा हुन सक्थ्यो ।

विद्यालयबाटै यसको सुरुवात गर्दा, विद्यार्थी शिक्षक, अभिभावक र विद्यालय प्रशासकहरु सँगै जोडिने र डिजिटल साक्षरतासँग सम्बन्धित विषयमा छलफल गर्ने राम्रो मौका मिल्न सक्छ। डिजिटल साक्षरताभित्र रहेका विभिन्न उपसाक्षरता जस्तै, ट्यागिङ साक्षरता, रिमिक्सिङ साक्षरता, परोक्ष जगतमा आफ्नो उपस्थितिसम्बन्धी साक्षरता, एआईसम्बन्धी साक्षरता लगायत छलफल या कार्यशाला गर्नु जरुरी थियो ।

यसले डिजिटल सामग्रीको प्रयोगमा र अझ भनौं सामाजिक सञ्जालको प्रयोगमा बढी चेतना पुग्थ्यो । र, डिजिटल या सामाजिक सञ्जालसम्बन्धी प्रयोगमा केन्द्रबाट थोपरिएको कानुनभन्दा स्वस्फुर्त रुपमा आफ्नो कार्यलाई मूल्याङ्कन गर्न सक्ने र सोही अनुरूप परोक्ष जगतमा आफ्नो विषयवस्तु राख्ने सुसूचित समुदाय तयार हुन पुग्थ्यो । तर विधेयक ल्याएर सरकार क्षणिक समाधानको बाटोतिर अघि बढेको देखिन्छ । यसले समाजलाई थप विभक्त गराउनतिर उद्धत गर्छ ।

कडा कानुन ल्याएर सरकारको उपल्लो तहमा बसेको व्यक्तिले आफूलाई कुनै कुरा मन परेन भने त्यसलाई रोकिहाल्नुपर्छ भन्ने अभ्यास गर्न खोजेको जस्तो देखिन्छ । उदाहरणको लागि, टिकटकको प्रयोग बन्द गरेको घटना हेरौं। एउटा सरकार आउँदा बन्द हुन्छ अनि अर्को सरकार आउँदा खुल्छ ।

...बाँकी पृष्ठ ३ मा

# ‘शिक्षाको गुणस्तर बढाउँदै विद्यालय नर्स’



सुप्रभा शर्मा

बागमती प्रदेश सरकारको प्रभावकारी कार्यक्रमको रुपमा विद्यालय नर्स देखिएको छ। बागमती प्रदेशको ८०० भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको छ। विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सरसफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो।

बागमती प्रदेशका ८४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ। प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका ११९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेटेको छ। सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स नियुक्त गरी खटाइएको मन्त्रालयले जनाएको छ।

किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधारलाई मध्यनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट ‘एक विद्यालय एक नर्स’ कार्यक्रम सञ्चालनमा ल्याएको हो। पहिलो चरणमा छनौट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले ‘एक प्रदेश एक नर्स’ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो।

तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री युवराज दुलाल ‘शरद’ले सो कार्यक्रमलाई प्रदेश सरकारको प्रमुख कार्यक्रमको रूपमा अघि सारेका थिए। नागरिकमा सकारात्मक र प्रभावकारी नतिजा प्रदान गर्ने उद्देश्य अनुसार सो कार्यक्रम अघि बढाइएको थियो।

बागमती प्रदेश सरकारले ६ वर्षअघि सुरु गरेको एक विद्यालय एक नर्स कार्यक्रम १ हजार ३६२ माध्यमिक तहका विद्यालय रहेको बागमतीमा ६२ प्रतिशतमा नर्स कार्यक्रम पुगेको छ। प्रदेशको सबैभन्दा बढी विद्यालय काठमाडौंमा १७९ विद्यालय मध्ये १०८ वटामा यो कार्यक्रम लागू भइसकेको छ। रसुवामा १९ माध्यमिक मध्ये १८ वटा एक नर्स विद्यालय कार्यक्रम लागू भएको छ। प्रतिशतमा हेर्ने हो भने औषत भन्दा कम नर्स कार्यक्रम चलेकोमा भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, काठमाडौं र मकवानपुर छ। दोलखामा ७२ प्रतिशत विद्यालयमा यो कार्यक्रम सुरु भइसकेको छ।

### कुन जिल्लामा कति छन् विद्यालय नर्स ?

| जिल्ला | विद्यालय संख्या | नर्स भएका विद्यालय |
|---|---|---|
| भक्तपुर | ४५ | २५ |
| चितवन | १०८ | ७६ |
| धादिङ | १३६ | ७९ |
| दोलखा | ८४ | ६१ |
| काठमाडौं | १७९ | १०८ |
| काभ्रे | १४६ | ८२ |
| ललितपुर | ७८ | ५४ |
| मकवानपुर | १०० | ६२ |
| नुवाकोट | १२२ | ७६ |
| रामेछाप | ८८ | ५१ |
| रसुवा | १९ | १८ |
| सिन्धुली | १२२ | ८० |
| सिन्धुपाल्चोक | १३५ | ७६ |
| जम्मा | १३६२ | ८४८ |

### अझै ७८ विद्यालयमा रिक्त छन् विद्यालय नर्स

| जिल्ला | रिक्त रहेका विद्यालय |
|---|---|
| भक्तपुर | ० |
| चितवन | १ |
| धादिङ | ५ |
| दोलखा | १५ |
| काठमाडौं | ११ |
| काभ्रे | ११ |
| ललितपुर | २ |
| मकवानपुर | ४ |
| नुवाकोट | ३ |
| रामेछाप | ६ |
| रसुवा | ४ |
| सिन्धुली | ५ |
| सिन्धुपाल्चोक | ११ |
| जम्मा | ७८ |

### शिक्षाको गुणस्तर वृद्धिमा विद्यालय नर्सको भुमिका

हेटौंडा-१७ की शितल अमागाई हरेक दिन विद्यार्थीका स्वास्थ्यसंग सम्बन्धीत समस्या समाधान गर्नमा व्यस्त हुन्छिन्। विद्यालयले उपलब्ध गराएको एउटा कोठामा २ वटा शैयाको व्यवस्था गरिएको छ।

कोठाको भित्ताभरी स्वास्थ्य र विभिन्न रोगबाट बच्ने उपाएका सचेतनामुल पोष्टरहरु टाँसिएका छन्। विद्यार्थीहरुको समान्य स्वाथ्य सेवा, उपचार तथा परामर्श उनको हरेक दिनको व्यस्तता हो। करिव २ वर्षदेखि हेटौंडा-१८ स्थित गोरक्षनाथ माध्यमिक विद्यालयको विद्यालय नर्सको जिम्मेवारीमा रहेर काम गर्दै आएकी आमगाई



समक्ष दैनिक रुपमा विद्यार्थी केहि न केहि समस्या बोकेर नर्स सम्म पुग्छन्।

सधारण बिरामी हुँदा होस् वा स्वास्थ्य सम्बन्धी परामर्शका लागि विद्यार्थीहरु उनि समक्ष आउने गरेको आमगाई बताउँछिन्। विगतमा सामान्य विरामी हुँदा पनि विद्यार्थीलाई घर पठाइन्थ्यो। तर, अहिले नर्सको कक्षमा पठाईन्छ। उनी नर्सको रुपमा सो विद्यालयमा पुगेदेखि विद्यार्थीलाई सामान्य स्वास्थ्य समस्याका कारण घर पठाउने अवस्थाको अन्त्य भएको छ। समस्या बोकेर आएका विद्यार्थीलाई उपचार र काउन्सिलिङ सहित कक्षा कोठामा पठाइन्छ। उनको काम समस्या बोकेर आएका विद्यार्थीलाई आराम गराई औषधि दिने र विद्यार्थीले सन्चो महशुस गरे पछि कक्षा कोठामा पठाएर निगरानी गर्ने बनेको छ। नर्स अमागाईका अनुसार विद्यार्थीहरु विशेष गरी महिनावारी, ज्वरो, एलर्जी ग्यासष्ट्रिक, पेट दुखाई लगायतका समस्याहरु बोकेर आउने देखिन्छ।

‘महिनावारीको समयमा पेट दुख्ने भएकाले छात्राहरु विगतमा विद्यालय छाडेर घर जाने गर्थे। अहिले त्यो अवस्था छैन। चोटपटक लगेमा वा स-साना समस्या भएमा विद्यालयमा विद्यार्थीहरु भेटिदैन थिए। तर विद्यालयमा सबै समस्याको समाधान विद्यालयमै हुन्छ। विद्यार्थीलाई थप उपचार चाहिएमा नजिकैको स्वस्थ्य चौकि लगिन्छ।’ उनले भनिन्, ‘महिनावारीका समयमा छात्राहरुका लागि न प्याडको व्यवस्था थियो। न नै उनीहरु माग्ने हिम्मत गर्थे। उनीहरु प्याड माग्न पनि डराउने गर्थे। अहिले निर्धक्क भई नर्ससंग माग्ने गर्छन्। समस्या खुलेर बताउने गर्छन्।’

विद्यालयमा पोषण सम्बन्धि अभिमुखिकरण, सरसफाई कसरी गर्ने भनेर सिकाउने, समुदायमा गएर डेङ्गु रोगबाट बच्न सचेतना जस्ता अभ्यास गरिएको छ। समय समयमा आइरन चक्कि खुवाउने र खोपहरु पनि विद्यालय नर्सबाटै लगाउने गरिन्छ। विद्यार्थी मात्र नभई शिक्षक तथा अभिभावकहरु पनि स्वास्थ्य परिक्षण गराउने गरेका छन्। शिक्षक अभिभावक र विद्यार्थी स्वस्थ भए बल्ल शिक्षामा गुणस्तर आउने उनको बुझाई छ।

दैनिक १० देखि ११ जना विद्यार्थी स्वास्थ्यामा समस्या बोकेर आउने गरेको उनले बताइन्। स्वास्थ्य परिक्षणको लागि साना कक्षाको विद्यार्थीलाई शिक्षाकहरु आफैले पु¥याउन आउछन्। ठूलो कक्षाका विद्यार्थी शिक्षकको अनुमति लिएर आउने गरेको उनी बताउँछिन्। समसझ परेका विद्यार्थीहरुको उपचार तथा परामर्श सहित अभिभावकलाई खबर गर्ने गरेको उनले बताइन्। शहरी क्षेत्रको रुपमा रहेको उपमहानगरपालिका भित्रको विद्यालय भएपनि विद्यालयमा गरिव तथा विपन्न परिवारको छोराछोरी बढी रहेका उनले बताइन्। केही विद्यार्थीहरु खाना नै नखाई विद्यालय आउने र पेट दुखे पछि आफू भएको ठाउँमा पुग्ने गरेको उनी बताउँछिन्।

अमगाईका अनुसार उक्त विद्यार्थीलाई दिवा खाजाको भरमा अभिभावक विद्यालय पठाउने गरेको उनको भनाई छ। अभिभावकले सके सम्म बालबालिकालाई खाना खुवाएर विद्यालय पठाउन गरे सानो उमेरमा ग्याष्ट्रिक जस्तो समस्या बोक्नु नपर्ने उनले बताइन्। नर्स अमागाईले विद्यालयमा जंक फुड रोक लगाएकी छिन्। यसको विकल्पमा घरबाट रोटि तरकारी अथवा पोषणयुक्त खाजा ल्याउने बानीको विकास गरेको उनी बताउँछिन्। कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमै दिवा खाजा दिईने भएकाले उनीहरुको लागि केही सहजा मिलेको उनले बताइन्।

विद्यार्थी धेरै फोहोर भएमा नङ कटिदिने, नुहाई दिने, सरसफाईको अभ्यास गराउने गरिएको उनले बताइन्। अभिभावकले बालबालिकाको सरसफाईमा ध्यान नदिँदा तथा अभिभावको विद्यालयमा न्युन उपस्थिती र विद्यालयको नर्सको भरमा छोडेर विरामी अवस्था मै विद्यालय पठाउँदा समस्या हुने गरेको उनले बताइन्।

सो विद्यालयकी प्रधानाध्यापक मीना श्रेष्ठका अनुसार विद्यालयमा ३४० जना विद्यार्थी अध्यनरत छन्। विद्यालय नर्सको उपलब्धताले घाउचोट लाग्दा, बिरामी पर्दा विद्यार्थीलाई सेवा प्रवाह सहजता मिलेको उने बताइन्। विद्यालयमा नर्स हुँदा अध्ययन अध्यापनमा अभिभावकको रुचि बढेको उनको भनाई छ।

विद्यालय नर्सका कारण विद्यार्थी भर्नामा पनि यसले ठूलो प्रभाव पारेको र विद्यालयमा नर्स भएकै कारण विद्यालय परिसरमा विद्यार्थीलाई केहि भई हाल्यो भने कहाँ लग्ने के गर्ने अन्योल हल भएको उनले बताइन्। उनका अनुसार विद्यालय नर्सका कारण शिक्षामा पनि गुणस्तर र विद्यार्थी तथा अभिभावकमा चेतना बढेको छ।

‘विद्यार्थीले सिक्नु भनेको समाजले सिक्नु हो। सरसफाई, असल खानपान र जिवनशैली जस्ता चेतनामुलक कार्यक्रम गरिएको छ। नर्स नहुँदा स्वासथ्य समस्या परेका विद्यार्थीहरुलाई के गर्ने थाहाँ हुदैन। औषधि दिन सक्के अवस्था पनि र हँदैन।’ उनले भनिन्, ‘नर्स नहुँदा विगतमा विद्यार्थीले बिचमा नै विद्यालय छड्ने समस्या रहेके थियो। बकैया गाउँपालिका र मकवापुरगढी गाउँपालिकाका विद्यार्थी पढ्न आउँछन्। उनीहरु पढाई नसकी बिचमा नै छाडेर र श्रम गर्न थाल्छन्। अभिभावकलाई उपस्थित गराउनै समस्या छ। धेरै पारिवारीक समस्या परेका विद्यार्थी छन्। धेरै गरिव परिवारका विद्यार्थी छन्। आमाले छोडेको, बुबाले वास्ता नगर्ने समस्या विद्यार्थीमा छ।’

विद्यालयबाट गरिव बालबालिकालाई निशुल्क शिक्षा प्रदान गरिएको उनले बताइन्। अभिभावकलाई विद्यालयमा आउने बनाउन महिनामा एक पटक बोलाउने कोसिस गरिएको उनले बताइन्। अभिभावक र शिक्षक बिच अन्तर्क्रिया गर्ने तथा अभिभावक विद्यालयमा नआए आफै घर जाने बुझ्ने र फोन सम्पर्क गर्ने गरिएको उनले बताइन्।

### पढाई अघि बढाउन सहज भएको छः विद्यार्थीहरु

कक्षा ९ मा अध्ययनरत विद्यार्थी अस्मी विक विरामी भएर पढाई छाड्नुपर्ने अवस्थाको अन्त्य भएको बताउँछिन्। विद्यालयमा बिरामी पर्दा घर जानु पर्थ्यो भने अहिले नर्स भए पछि प्रथमिक उपचार विद्यालयमा नै हुने गरेको उनको भनाई छ। सरसफाईमा ध्यान दिने बानिको विकास भएको उनी बताउँछिन्।

‘हिजोका दिनमा हामीले शिक्षकसँग प्याड माग्नु पर्थ्यो। साथिहरु निकै डराउथे। अहिले आफै नर्ससंग प्याड माग्न थालेका छन्। किरोरावस्थामा आउने समस्याहरुका बारेमा नर्ससंग समस्या खुलेर भन्ने गर्छन्। मैले पनि ढुक्क साथ आफ्नो समस्या नर्सलाई बताउने गरेको छु।’ उनले भनिन्, ‘नर्स बेला बेलामा हामीलाई स्वास्थ्यको अभिमुखिकरण पनि गराउनुहुन्छ र कक्षा पनि लिने गर्नुहुन्छ। नर्स आए पछि विद्यालयमा खानाको स्वच्तामा पनि सुधार आएको छ।’

उता कक्षा ८ मा अध्ययनरत रोजिना घलानलाई महिनावारी हुँदा कक्षामा धेरै गारो हुन्थ्यो। महिनावारी हुने समयको ३/४ दिन उनको कक्षा छुट्थ्यो। तर, अहिले विद्यालयमा नै नर्स आएपछि निकै सहजता भएको उनको भनाई छ।

‘पहिले त किनै समसझ हुन्थ्यो। तर, अहिले नर्स मिस आएपछि सजिलो भएको छ। अहिले नर्ससँग औषधि लिन्छु र सन्चो हुन्छ। खानपानमा पनि समस्या आउथ्यो। अहिले कम बिरामी हुन्छु। केहि भए सुरुमा नर्स मिसलाई नै भन्छु।’ उनले सुनाईन्।

कक्षा ७ का राम थिङ र कक्षा ९ का संयोग बानियाँ पनि विरामी पर्दा विद्यालय छाड्थे। तर, अहिले उनीहरु ढुक्कले विद्यालय आउँछन् र नर्स कक्षमा गएर औषधी खान्छन्। चोट लगेमा मलम पट्टी गरेर कक्षाकोठामा गएर पढ्ने गरेको उनीहरु सुनाउँछन्।

‘विद्यालयमा खेल्दा कहिले काँही चोट लाग्छ। नर्सले मलम लगाई दिनुहुन्छ। बाम लगाई दिनुहुन्छ। आराम गर्न पनि दिनु हुन्छ। अरुले भन्दा नर्सले सिकाउनु भएमा बढि बुझेको महशुस हुन्छ।’ उनीहरु भन्छन्, ‘पहिले धेरै विरामी परेर पढाई छुट्थ्यो। विरामी हुँदा घरमाख नै गएर आराम गर्नुपथ्र्यो। अहिले नर्स कोठामा आराम गर्न पाइएको छ। नर्सले औषधि दिनुहुन्छ। केहि बेर आराम गरेपछि निको हुन्छ। पढाईमा पनि छुट्दैन।’

# अभिभावक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीमा रहेको भानु माध्यमिक विद्यालयमा अभिभावक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम भएको छ। सोमबार स्थर बेन्जामिन स्मृति संस्थाको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले जानकारी दिनुभएको छ।

संस्थाले यस वर्ष विद्यालयका २५ जना बालबालिकालाई एक वर्षको शैक्षिक सामग्री सहयोग गरेको थियो। संस्थाले बालबालिकालाई विद्यालय पोशाक, शैक्षिक सामग्रीलगायत सामान प्रदान गरेको प्रधानाध्यापक थापाले जानकारी दिनुभएको छ।

संस्थाले गरेको सहयोगबाट विद्यार्थीहरु पठनपाठनमा भएको परिवर्तनबारे बुझ्न अन्तरक्रिया गरिएको उहाँले बताउनुभयो। अभिभावकहरुले विद्यार्थीहरुले पठनपाठनमा रुचि देखाएको, सहयोगबाट खुसी प्रदान भएको बताएको उहाँको भनाइ छ।

संस्थाले मकवानपुरगढी गाउँपालिकामा यस वर्षदेखि सहयोग गरेको हो। संस्थाले विद्यालयलाई शौचालय निर्माण तथा खानेपानी व्यवस्थापनमा समेत सहयोग गरेको थियो। कार्यक्रम चाइल्ड रेस्क्यु नेपालको सहयोग तथा मकवानपुरगढी गाउँपालिकाको समन्वयमा भएको थियो।

अन्तरक्रिया कार्यक्रममा २० जना अभिभावकको उपस्थिति रहेको थियो। १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ५५४ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

# सामाजीक सञ्जाल...

यसो हेर्दा बच्चाहरु खेलेको एउटा खेल जस्तै लाग्छ। हुनुपर्ने चाहिँ टिकटक या टिकटक जस्तै सामाजिक सञ्जालमा प्रयोगकर्ताले केकस्ता कार्यहरु गर्न सक्छन् र केकस्ता कार्यहरु गर्नुहुन्न भनेर औपचारिक या अनौपचारिक तवरबाट समुदायलाई शिक्षित गर्न सुरुवात गर्नुपर्थ्यो। विस्तारै छलफल गाउँपालिका वा नगरपालिका हुँदै विभिन्न निकायमा यसबारे बहस हुनुपर्थ्यो। डिजिटल साक्षरताको ढाँचा बमोजिम डिजिटल साक्षरता निर्देशिकाको निर्माण र यसबाट निर्देशित हुँदै सामाजिक सञ्जालमा हामी कसरी प्रस्तुत हुनुपर्छ भन्ने ज्ञानको प्रसारण विभिन्न तहमा हुनुपर्थ्यो।

### उल्टो हिंडाइ

वर्तमान समयमा सामाजिक सञ्जालको प्रयोगमा मात्र सीमित नभएर हाम्रो देशमा अन्य टुल्सको प्रयोगमा पनि उत्तिकै छलफल हुनुपर्छ, जहाँ कपिराइट्स, समावेशी सामग्री र अरु विभिन्न मुद्दाहरु आउन सक्छन्। खाली बाहिर प्रयोगमा देखिने सामाजिक सञ्जाललाई मात्र नियमन गर्न विधेयक ल्याउनु भनेको तत्क्षणको सतही सोचाइबाट निर्देशित भएर गरिएको एउटा आवेगपूर्ण निर्णय मात्र हो। कानुन त सबै प्रकारको टेक्नोलोजीलाई नियमन गर्न बन्नुपर्थ्यो। तर सामाजिक सञ्जाललाई मात्र नियमन गर्न निर्माण गरिएको विधेयक एउटा सिंगो परिस्थितिको टुक्रे रुप हो। चेतना विस्तारभन्दा अघि कानुनले पेल्न खोज्नु तर्कसँगत देखिँदैन।

सुरुवातमा सामाजिक सञ्जाल मात्र नभएर अरु विभिन्न टेक्नोलोजीलाई पनि नियमन गर्न यससम्बन्धी ज्ञाताहरुसँग छलफल गर्दै डिजिटल साक्षरता ढाँचाको निर्माण र यसको आधारमा बनेको निर्देशिकामा आधारित रहेर विद्यालय तहका विद्यार्थीहरूमा चेतना विस्तारको कार्य थाल्नु पर्छ।

दोस्रो, डिजिटल प्रविधिसँग सम्बन्धित निर्देशिका गाउँ-शहरसम्म पुऱ्याएर डिजिटल सामग्रीहरुको प्रयोगमा सबै तहका मानिसमा चेतना फैलाउनु आवश्यक छ। जुन हालको कुरा विधेयकको परिच्छेद ३७ को १ र २ मा उल्लेख भएको देखिन्छ।

समग्र डिजिटल सामग्रीहरुको प्रयोगमा विद्यालय तहबाट सुरुवात गर्दै विभिन्न सम्मेलन-गोष्ठी जस्ता अनौपचारिक तवरबाट वयस्कसम्म पुग्दा उनीहरुले डिजिटल जगतमा कसरी प्रस्तुत हुनुपर्छ भन्ने ज्ञान प्राप्त र प्रयोग गर्न सक्छन्। लगत्तै यसपछि आवश्यकता बमोजिम कानुनको निर्माण पनि गर्न सकिन्छ।

तर, वर्तमान परिवेशमा जनतामा डिजिटल सामग्रीको प्रयोगसम्बन्धी चेतना वृद्धि गर्नुको साटो कानुन थोपर्नु जगबिनाको घर निर्माण गर्नु जस्तै हो, जुन कुनै पनि बेला ढल्न सक्छ।

*(डा. श्रेष्ठ ओपन युनिभर्सिटी (यूके) मा अनुसन्धाताका रूपमा कार्यरत छन्। स्रोतः अनलाईनखबर)*




बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।
हेटौंडा, मकवानपुर

# हेटौंडामा पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड भोलि बुधबारबाट

समाज संवाददाता

हेटौंडाः हेटौंडामा पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता भोलि बुधबारबाट सुरु हुने भएको छ। नगर खेलकुद विकास समितिले पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता बुधबारबाट शुक्रबारसम्म सञ्चालन गर्ने निर्णय गरेको छ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाले एक सूचना जारी गर्नुहुँदै प्रतियोगिताको बारेमा जानकारी दिनुभएको छ । हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा सञ्चालन हुने प्रतियोगिता हेटौंडा-४, हुप्रचौरमा हुने प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ।

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सामुदायिक र संस्थागत विद्यालयबाट विद्यार्थीको सहभागिता रहने छ । प्रतियोगितामा सहभागी हुनका लागि विद्यालयले सोमबारसम्म नाम दर्ता गराउनुपर्ने प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ । प्रतियोगिता अन्तर्गत छात्र/छात्रा भलिबल, कबड्डी, एथ्लेटिक्स, मार्सल आर्टतर्फ कराँते, तेक्वान्दो, उसु लगायतका खेलहरु सञ्चालन हुने संयोजक राजाराम पोखरेलले बताउनुभयो ।

गत वर्षको प्रतियोगितामा उपमहानगरपालिकाभित्रका १९ वटा वडाका विद्यालयबाट करिब ६ सय जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

गत वर्ष नगरस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयले जितेको थियो। जनप्रिय माविले ९ स्वर्ण, ६ रजत र ६ कास्य पदकसहित उपाधि जित्न सफल भएको थियो । प्रतियोगितामा हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयले ९ स्वर्ण, २ रजत र २ कास्य पदक प्राप्त गर्दै उपविजेता बनेको थियो । ४ स्वर्ण, २ रजत र २ कास्य पदक प्राप्त गरेको हेटौंडा-१८ स्थित ज्योति माध्यमिक विद्यालय र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय तृतीय भएको थियो ।

# मकवानपुरगढीबाट ४७८ विद्यार्थीले कक्षा ८ को परीक्षा दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाबाट यस वर्ष आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षामा ४७८ जना विद्यार्थी सहभागी हुने भएका छन् । गाउँपालिकाभित्र रहेको १६ वटा विद्यालयबाट ४७८ जना विद्यार्थीले कक्षा ८ को परीक्षा दिने गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो ।

मकवानपुरगढी गाउँपालिकाको १ देखि ८ नम्बर वडामा रहेका १६ वटा विद्यालयमध्ये सबैभन्दा धेरै मकवानपुर गढी-५ मा रहेको शारदा माविबाट ५८ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । सबैभन्दा कम गाउँपालिका-४ स्थित ज्वालादेवी आधारभूत विद्यालय (आवि)बाट ११ जना विद्यार्थी सहभागी हुने सहजकर्ता फुयालले बताउनुभयो ।

यस वर्ष आधारभूत तह परीक्षामा रानीशेरा माविबाट ४० जना, हेमकर्ण आविबाट ३९ जना, चण्डिका माविबाट २५ जना, वंशगोपाल माविबाट ३९ जना, भानु माविबाट ५२ जना, मनकामना माविबाट १५ जना, आधारभूत शिक्षा आविबाट २७ जना विद्यार्थी सहभागी हुनेछन् । यस्तै, जाल्पादेवी माविबाट ३० जना, जनता माविबाट ३७ जना, जनक माविबाट २७ जना, बुद्धधर्म आविबाट १४ जना, गीताधर्म आविबाट १६ जना, बालजागृति आविबाट १४ जना र रुपनारायण माविबाट २४ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

**गत वर्ष ३७८ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । ९५ विद्यार्थी उत्तीर्ण हुन सफल भएका थिए भने यसवर्ष शतप्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउने लक्ष्य रहेको फुयालले जानकारी दिनुभयो ।**

पालिकाभित्र रहेका सबै विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन भइरहेको छ । गाउँपालिकाको सहयोगमा ८ कक्षामा अध्ययनरत विद्यार्थीहरुका लागि अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन भइरहेको सहजकर्ता फुयालले जानकारी दिनुभयो ।

आइतबार बसेको आधारभूत तह परीक्षा उत्तीर्ण शिक्षा समितिको बैठकले परीक्षा सञ्चालन मिति, प्रश्नपत्र निर्माण, परीक्षा केन्द्र, केन्द्राध्यक्ष र निरीक्षक चयन गर्ने विषयमा छलफल गरेको छ। बैठकले फागुन २६ गतेदेखि चैत्र ५ गतेसम्म परीक्षा सञ्चालन गर्ने निर्णय गरेको छ । परीक्षा दिउँसो १ बजेबाट सञ्चालन हुने फुयालले जानकारी दिनुभयो। फागुन २६ गते अंग्रेजी, २७ गते नेपाली, २८ गते सामाजिक, चैत १ गते गणित, ३ गते विज्ञान, ४ गते स्वास्थ्य तथा शारीरिक र ५ गते स्थानीय विषयको परीक्षा हुनेछ ।

बैठकबाट विषय शिक्षकलाई एक दिने कार्यशाला आयोजना गरी पालिकाले नै प्रश्नपत्र निर्माण गराउने निर्णय भएको छ । यस्तै, परीक्षा केन्द्र सम्बन्धित विद्यालय नै हुने तय भएको छ भने परीक्षामा विद्यालयका प्रधानाध्यापक केन्द्राध्यक्ष र नजिकैको विद्यालयका शिक्षकले निरीक्षकको भूमिका निर्वाह गर्ने फुयालले बताउनुभयो । बैठकमा विद्यार्थीहरुलाई परीक्षामा सहभागी हुनका लागि प्रवेशपत्रको व्यवस्था गर्ने निर्णय गरिएको छ ।

गत वर्ष ३७८ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए। ९५ विद्यार्थी उत्तीर्ण हुन सफल भएका थिए भने यसवर्ष शतप्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउने लक्ष्य रहेको फुयालले जानकारी दिनुभयो। गाउँपालिकाले वर्षे बिदाको समयमा पनि उपचारात्मक कक्षा सञ्चालन गरेको थियो।

# शिविरमा १४२ जनाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को आयोजनामा भएको शिविरमा १४२ जनाले स्वास्थ्य परीक्षण गराएका छन्। सोमबार हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा भएको शिविरमा १४२ जनाको स्वास्थ्य परीक्षण गरिएको अनेरास्ववियु मकवानपुर क्याम्पस कमटी संयोजक प्रसिद्ध रेग्मीले जानकारी दिनुभयो ।

शिविरमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाको सहयोग रहेको थियो। शिविरमा दाँत, सुगर, प्रेसर लगायतको प्राथमिक स्वास्थ्य जाँच गरिएको रेग्मीले बताउनुभयो ।

अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य भुवन मैनालीको प्रमुख आतिथ्य तथा अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष अमृत बर्तौलाको सभाध्यक्षमा शिविर भएको थियो।

शिविरमा केन्द्रीय कमिटी सदस्य एवम् नेकपा एमाले मकवानपुरको विद्यार्थी इन्चार्ज आकाश अधिकारी, अनेरास्ववियु जिल्ला कमिटी उपाध्यक्ष नवराज पौड्याल, शिव पुलामी, सहसचिव जस्मिता अधिकारीको आतिथ्य रहेको थियो ।

# सद्भावना फुटबलमा हेटौंडा फुटबल एकेडेमी उपविजेता

समाज संवाददाता

हेटौंडाः छिमेकी मुलुक भारतमा भएको सद्भावना महिला फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमी उपविजेता भएको छ । आइतबार भारत, बिहार राज्यको छप्रा जिल्लामा सम्पन्न सद्भावना महिला फुटबल प्रतियोगितामा एकेडेमी उपविजेता भएको हो ।

हेटौंडा फुटबल एकेडेमीको महिला टिम बिहारको सिवान फुटबल टिमसँग २-१ गोल अन्तरले पराजित भएको थियो । एकेडेमीको तर्फबाट मनिसा घिमिरेले मात्रै सान्त्वना गोल गर्न सफल भएकी थिइन्। उनले दोस्रो हाफमा गोल गरे पनि आफ्नो टिमलाई हारबाट जोगाउन सकिनन् ।

उपविजेता बनेको हेटौंडा फुटबल एकेडेमीको टिमले १० हजार भारतीय रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। विजेता सिवान फुटबल टिमले २० हजार भारतीय रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको थियो । सेमिफाइनलमा हेटौंडा फुटबल एकेडेमीले आयोजक छप्रा जिल्लाको टिमलाई १-० गोलले हराउँदै फाइनलको यात्रा पूरा गरेको एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी दिनुभयो ।

## मेयर कप स्नुकर
# सृजन र सुनिलको विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा सुरु भएको प्रथम संस्करणको अल नेपाल बुटवल मेयर कप खुला स्नुकर प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका सृजन कार्की (शंकर) र सुनिल लामाले विजयी सुरुवात गर्नुभएको छ । सोमबारबाट नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एसोसिएसन रुपन्देही र खस्यौली स्नुकर क्लबको संयुक्त आयोजनामा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा सृजन कार्की (शंकर) र सुनिल लामाले सहजै जीत हासिल गर्नुभएको हो ।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा भएको प्रतियोगितामा पोखरा महानगरपालिकाका रोहित गुरुङलाई ३-२ को सेटले हराउँदै हेटौंडाका सृजन कार्कीले जीत निकाल्नु भएको हो भने आयोजक बुटबलका जनक सिहंलाई ३-० को सोझो सेटले हराउँदै सुनिल लामाले जीत दर्ता गर्नुभएको हो । जीतसँगै कार्की र लामा दोस्रो चरणमा प्रवेश गरेको हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ ।

बुटवल स्नुकर क्लबका अध्यक्ष सुजन पुनको सभाध्यक्ष तथा बुटवल उपमहानगरपालिकाका मेयर खेलराज पाण्डेको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको हो । सोमबारबाट सुरु भएको प्रतियोगिता फागुन २४ गतेसम्म सञ्चालन हुने बताइएको छ ।

प्रतियोगितामा हेटौंडाका ७ जना खेलाडीहरुको सहभागिता रहेको उहाँले बताउनुभयो । हेटौंडामै भएको मेयर कप स्नुकर प्रतियोगिताको उपाधि विजेता प्रयास कर्माचार्य, उपविजेता जिनेश श्रेष्ठ, तृतीय हुनु भएका मिथुन लामा, बिनय लामा, नितेश खण्डेवाल, सृजना कार्की र नवीन गुरुङको प्रतियोगितामा सहभागिता रहेको उहाँले बताउनुभयो। प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकासहित रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललिलतपुर, भक्तपुर, नारायणगढ, इटहरी, बिर्तामोड, बनेपा, परासीलगायतका ठाउँहरुबाट करिब २ सय जना स्नुकर खेलाडीको सहभागिता रहेको छ ।

प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, राइजिङ्ग स्टार र अनुशासनको पालना गर्ने खेलाडीले स्नुकर स्टिक प्राप्त गर्नेछन् ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# चितवन र रामेछापमा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको २ जिल्लामा एकै दिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन र रामेछाप जिल्लामा एक जना मृत फेला परेका र २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२, आँपटारीमा बिरामी अवस्थामा फेला परेका पुरुषको उपचार को क्रममा मृत्यु भएको छ । शनिबार दिउँसो ३ बजेर १५ मिनेटको समयमा नामथर नखुलेको भारतीय जस्तो देखिने अन्दाजी ५५ वर्षीय पुरुष बिरामी अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

बिरामी पुरुषलाई उद्दार गरी उपचार का लागि चितवनस्थित भरतपुर अस्पताल लगिएको थियो। उपचारको क्रममा पुरुषको आइतबार बिहान ८ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-५, तीन नम्बर पुल अगाडि मोटरसाइक दुर्घटनामा बेपत्ता भएका पुरुष मृत अवस्थामा फेला परेका छन्। फागुन २ गते चितवनको ईच्छाकामना गाउँपालिका-५, मुग्लिन नारायणगढ सडक खण्डको कालीखोलामा बागमती प्रदेश ०६-०२ प ९२०४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पल्टँदा भरतपुर महानगरपालिका-१, रामनगर बस्ने २७ वर्षीय रोहित राना बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ । बेपत्ता राना आइतबार बिहान ७ बजेर ५० मिनेटको समयमा तीन नम्बर पुल अगाडि मृत फेला परेको प्रहरीले जनाएको छ ।

रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिका-७, तिल्पुङमा आगोले पोल्दा घाइते भएकी वृद्धाको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा ९१ वर्षीया टीकामाया खड्का रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार साँझ ६ बजेको समयमा खड्का आफ्नै घरको चुलोमा आगो ताप्ने क्रममा आगोले पोल्दा घाइते भएकी थिइन्। घाइते खड्कालाई उपचारका लागि ट्रमा सेन्टर काठमाडौंमा लगिएको थियो। उपचारको क्रममा खड्काको आइतबार बिहान ७ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# प्रधानमन्त्री कप क्रिकेट छनोटमा सहभागी हुने खेलाडीको बिदाइ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश क्रिकेट संघको आयोजनामा हुन लागेको प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा सहभागी हुने मकवानपुरका खेलाडीको बिदाइ गरिएको छ । सोमबार हेटौंडा-४ स्थित मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा खेलाडीको बिदाइ गरिएको हो ।

आज मंगलबारबाट सुरु हुने प्रधानमन्त्री कप क्रिकेटको प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुरले चितवन जिल्लाको क्रिकेट टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा हुने खेल बिहान ९ बजेबाट सुरु हुनेछ । बिदाइ कार्यक्रममा खेलाडीसहित टिम म्यानेजर र प्रशिक्षकलाई जर्सी प्रदान गरिएको छ । हाल बेलायतमा रहेका मकवानपुरका पूर्वराष्ट्रिय खेलाडी राजन पाण्डेले १६ वटा जर्सी प्रदान गर्नुभएको मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोदकुमार बानियाँले बताउनुभयो ।

जिल्लास्तरीय छनोट प्रतियोगिता गरेर प्रदेशस्तरीय प्रतियोगितामा खेलाडी सहभागी गराइएको उहाँले बताउनुभयो । जिल्लाका ६ वटा टिमबीच प्रतिस्पर्धा गराएर खेलाडी छनोट गरिएको थियो । मकवानपुर जिल्ला क्रिकेट संघले प्रदेशस्तरीय छनोटमा सहभागी हुने १४ जना खेलाडी छानेको हो। प्रदेश छनोटमा मकवानपुरसहित चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं जिल्लाको टिम सहभागी हुने उहाँले बताउनुभयो ।

खेलाडी बिदाइ कार्यक्रममा जिल्ला क्रिकेट संघका अध्यक्ष करण महतरा क्षेत्री, कोषाध्यक्ष धिरज श्रेष्ठ र सदस्य संजोक पोखरेलको उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडा उपमहानगरपालिका
२ नम्बर वडा कार्यालयको सूचना
अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं
• अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
• अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
• सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
• सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
• अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।
विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ